# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७२

पत्र संख्या:- २०८०।०८१
चलानी नं:-

अत्तरीया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

## गोदावरी नगरपालिका, अत्तरिया कैलालीको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिमको मौजुदा सूची सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०।०४।०४)

यस नगरपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (६) , दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिद कार्यका लागि सोही ऐनको दफा ६क र सार्वजनिक नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (Standing List) तयार गर्न देहाय अनुसारका विभिन्न प्रकृतिका वस्तु र सेवाको आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकहरूलाई सार्वजनिक खरिद नियमावलीको अनुसूची- २क बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजात सहित नगरपालिकाको कार्यालयमा निवेदन दर्ता गराउन हुन अनुरोध छ। एक भन्दा बढी प्रकृतिका वस्तु वा सेवाको आपूर्ति गर्ने भएमा विषयगत रूपमा छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ। रीत नपुगेका वा आवश्यक कागजात संलग्न नगरिएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त भएका निवेदनहरू मौजुदा सूचीमा सूचीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित हुनेछ।

२०८०।४।४
नि.प्रमुख प्रशासकीय अधिकृत

(क) खरिद तथा आपूर्ति

१. मसलन्द तथा कार्यालय सामानहरु,
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी, इलेक्ट्रोनिक सामान/पार्टपुर्जा/टोनर/मसी,
३. इलेक्टिकल समानहरू,
४. छपाई सम्बन्धी कार्य,
५. पुस्तक,
६. फर्निचर तथा फर्निसिङ्ग,
७. विज्ञापन/सूचना प्रकाशन,
८. सवारी साधन भाडामा उपलब्ध गराउने,
९. औषधि खरिद/मेडिकल समानहरू,
१०. कृषिजन्य औजार, उपकरणहरू तथा औषधिहरू,
११. कृषिजन्य विऊ विजन तथा बोट विरूवाहरू,
१२. पशु, चौपाया तथा नश्ल सुधार,
१३. भेटेनरीजन्य औषधि तथा उपकरणहरू,

# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

अत्तरीया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्या:- २०८०।०८१
चलानी नं:-

१४. लघु उद्यम सम्बन्धी उपकरण,

१५. इन्जिनियरिङ उपकरण तथा औजारहरू।

(ख) मर्मत

१. कम्प्युटर, फोटोकपी, जेनेरेटर लगायत इलेक्ट्रोनिक सामानहरू,

२. दराज, कुर्सी, टेवल एवं फर्निचर सम्बन्धी सामानहरू,

३. सोलार, सोलार ब्याट्री, ईन्भटर।

(ग) सेवा र परामर्श सेवा

१. तालिम,

२. डिपिआर निर्माण,

३. वातावरणीय अध्ययन,

४. अध्ययन, अनुसन्धान,

५. पर्यटकीय इन्जिनियरिङ, म्यापिङ्ग तथा नक्सांकन,

६. अन्य परामर्श सेवाहरू।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः**

१. फर्म वा संस्था दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी,

२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति,

३. मू.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

४. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

५. व्यवसायिक इजाजत पत्रको प्रतिलिपि,

६. प्रचलित कानुनी व्यवस्था बमोजिम अयोग्य नरहेको वा कालो सूचीमा नपरेको व्यहोरा खुलाइएको निवेदन।

२०८०।४।४
प्रयाग राज जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, सूचना वेवसाईट, फेसबुक पेजमा अपलोड गरिदिन हुन।